# ८

# वातावरणीय समस्या र असुरक्षित जीविकोपार्जनको मारमा विशेष वर्ग/समुदाय

समाजमा हुँदै आएका विभिन्न किसिमका भेदभावका घटनाहरू हाम्रो सामाजिक संरचनाकै उपज हुन् । यस्ता विभेदहरू वर्ग, वर्ण, जात-जाति, पेशा या लिङ्गका आधारमा भएको पाइन्छ । यस्तो भेदभावले गर्दा सार्वजनिक स्रोतको उपयोग, लाभको भागबण्डा, स्रोत परिचालनमा सहभागिताबाट विशेष वर्गका मानिस वञ्चित गरिएका धेरै घटनाहरू हाम्रो समाजमा विद्यमान छन्, जुन वातावरणीय अन्याय हो । वातावरणीय न्यायले वातावरणीय ह्रासबाट पर्ने असरहरू, स्रोतको उपयोग र दिगो जीविकोपार्जनका अवसरहरूको वितरण समान रूपले हुनुपर्ने मान्यता राख्छ । अभावग्रस्त जीवन बाँचिरहेकाहरूका लागि सुरक्षित जीविकोपार्जन वातावरणीय न्याय हो । थुप्रै वातावरणीय समस्याहरूले अरूको भन्दा उनीहरूको जीवनमा बढी प्रभाव पारिरहेको हुन्छ । तर ती समस्यालाई विशेष वर्गको जीविकोपार्जनसँग कमै जोडिएर हेरिन्छ । यस परिच्छेदमा छापामा आएका केही त्यस्ता समस्यालाई उदाहरणको रूपमा प्रस्तुत गरिएको छ जसले हाम्रो समाजका विशेष वर्ग तथा समुदायले भोग्नुपरेका स्वच्छ वातावरणीय अधिकारको अभाव तथा असुरक्षित जीविकोपार्जनबारे चर्चा गरेका छन् । मुख्यतः सुकुमबासीहरूको जीविकोपार्जनमा आएको सङ्कट, विशेष जात वा वर्ग वा पेशाका व्यक्तिहरू सामुदायिक वनको फाइदाबाट गरिएको वञ्चना, शहरी गरिब बासिन्दाहरूले भोगेका खानेपानीको पीडा तथा वातावरणीय विनाशबाट परम्परागत पेशामा आएको सङ्कटबारे छापाका यी सामग्रीमा चर्चा गरिएको छ ।

## ८.१ पुनर्वास गराइएका सुकुमबासीहरू विस्थापित हुने क्रममा

झापाको पृथ्वीनगर क्षेत्रमा पुनर्वास गराइएका सुकुमबासीहरू साना किसान विकास आयोजनाको ऋण र ठूला चिया बगान स्थापनाको दोहोरो मारबाट विस्थापित हुन थालेका छन् ।

पृथ्वीनगर क्षेत्रलाई सरकारले पुनर्वास क्षेत्र तोकी २०२७ सालदेखि पूर्वाञ्चलका २ हजार ९ सय ८६ सुकुमबासी परिवारलाई घटीमा ३ कट्ठादेखि बढीमा ३ बिघासम्म जमिन दिई उक्त क्षेत्रमा पुनर्वास गराएको थियो । त्यसरी पुनर्वास गराइएका किसानहरूलाई फलफूल, तरकारी जस्ता कृषि उत्पादनका लागि कर्जा दिई तिनको आर्थिक उन्नति गराउने लक्ष्य लिएर पृथ्वीनगर पसेको साना किसान विकास आयोजनाको ऋण नै अहिले कृषकहरूका लागि अभिशाप बन्न पुगेको छ । ऋणको मारमा परेका पृथ्वीनगर ३ का गोपी पौडेल भन्छन्– 'उत्पादित वस्तुको बजारको अध्ययन नै नगरी ऋण लिने दिने काम गरिँदा आयोजनाको ऋण र त्यसको चक्रवर्ती ब्याजबाट त्यहाँका कृषकहरू उठिबासको अवस्थामा पुगेका छन् ।' २०४६ सालको राजनीतिक परिवर्तनपछि आएको आर्थिक खुलापनबाट भारतीय वस्तुसँग गर्नुपर्ने प्रतिस्पर्धाले त आयोजनाको ऋण लिने कृषकहरू आफ्नो धितो उकास्नै नसक्ने अवस्थामा पुगेको पौडेल बताउँछन् ।

यसरी वित्तीय संस्थाको ऋणभारबाट पेलिएका त्यहाँका साना किसानहरू उक्त क्षेत्रमा विस्तार हुँदै गएका ठूला चिया बगानहरूको पीडा पनि सँगसँगै भोग्न बाध्य छन् ।

चिया बगान विस्तार गर्ने उद्योगपतिहरूको प्रतिस्पर्धाबाट कुल २ हजार ९ सय ४६ हेक्टर पुनर्वास क्षेत्रको जमिनमध्ये १ हजार २ सय हेक्टर जमिन ठूला चिया उद्योगीहरूको हातमा गइसकेको जानकारी त्यहाँ स्थापित साना किसान सहकारी संस्थाका व्यवस्थापक झलेन्द्र भट्टराईले *कान्तिपुर*लाई दिनुभएको छ । व्यवस्थापक भट्टराईले पृथ्वीनगर पुनर्वास क्षेत्रमा नेपाल पुनर्वास कम्पनीले जग्गा दिई पुनर्वास गराइएका २ हजार ९ सय ८६ परिवारमध्ये ३ सय परिवार विस्थापित भइसकेका र अन्य करिब १ हजार २ सय परिवार विस्थापित हुने अवस्थामा पुगेको बताउनु भयो ।

सानो टुक्रा जमिनमा चिया लगाउन व्यवहारिक नहुने र वरपरबाट बगान घेरेपछि जमिनको अन्य उत्पादन क्षमता घट्न गई जीविका चलाउन नसकिने भएपछि जे जस्तो मूल्यमा भए पनि जमिन बिक्री गरी आयोजनाको ऋण तिरेर पुनः सुकुमबासी बन्नुपर्ने बाध्यतामा त्यहाँका कृषकहरू रहेका पृथ्वीनगर ७ का मेघराज थामी बताउँछन् ।

२०२७ सालदेखि २०५४ सालसम्म नेपाल पुनर्वास कम्पनीले ताप्लेजुङका ६ सय ७३, इलामका ३ सय ९८, पाँचथरका २ सय ५२, सङ्खुवासभाका १ सय ६५, सोलुका १ सय ६०, भोजपुरका १ सय ५५, मोरङका १ सय १७, सुनसरीका १ सय २, खोटाङका ९५, ओखलढुङ्गाका ६८, धनकुटाका ६७, रामेछापका ६४, सर्लाहीका ४६, अन्य जिल्लाका १ सय ३८ तथा प्रवासका २ सय ६६ परिवारलाई पृथ्वीनगर क्षेत्रमा पुनर्वासको व्यवस्था गरेको थियो ।

आवासको लागि छुट्टै क्षेत्र कायम गरी योजनाबद्ध ढङ्गले खेतीपाती, बजार, विद्यालय आदिका लागि क्षेत्र छुट्ट्याई अधिराज्यकै नमुना पुनर्वास क्षेत्र बनाउने पृथ्वीनगरको उक्त नमुना क्षेत्र अहिले तहसनहस हुन पुगेको छ ।

पृथ्वीनगरमा सरोमा, खुम्बु, मङ्गलधाम, गौरीशङ्कर, सूर्य, साङ्ग्रिला, सरावगी नामका ७ वटा ठूला चिया बगानहरू सञ्चालन हुने क्रममा छन् । अन्य केही ठूला चिया उद्यमीहरू उक्त क्षेत्रमा बगान स्थापना गर्न आकर्षित भएको बुझिन्छ ।

साना किसानहरूलाई उक्त क्षेत्रबाट विस्थापित हुनबाट जोगाउँदै चिया खेतीमा प्रोत्साहन गर्ने उद्देश्यले स्थापित साना किसान सहकारी संस्थाले केही किसानहरूलाई ऋण सुविधा, प्राविधिक सुविधा दिएर चिया खेतीतर्फ आकर्षित गरे पनि त्यहाँका साना किसानहरूलाई सरकारी संरक्षण हुन सकेन भने पुनर्वास क्षेत्रबाट किसानहरू विस्थापित हुने क्रम नरोकिने पनि व्यवस्थापक भट्टराई बताउनुहुन्छ ।

**लिला बराल**, *कान्तिपुर*, ७ वैशाख २०५७, पृ. ५ ।

## ८.२ इन्धनको समस्या भोग्दैछन् गडुबारीका माझी

कमजोर आर्थिक स्थिति र आसपास वन क्षेत्रको अभावले मन्थली गाविस गडुबारीका आदिवासी माझी इन्धनको समस्यामा परेका छन् ।

सरकारले नेपाल आयल निगममार्फत अनुदानमा उपलब्ध गराउने भनेको मट्टितेलसमेत किन्ने हैसियत नभएका कतिपय गरिब माझी अहिले खाना पकाउने इन्धन जुटाउन भौँतारिन थालेका छन् ।

झण्डै एक सय घर माझी परिवारको बसोबास रहेको गडुबारीमा लगभग २०-२५ घरमात्र आर्थिक रूपले केही सम्पन्न छन् । तथापि ती परिवारले पनि मट्टितेलमा खाना पकाउन सक्दैनन् । १० देखि १२ जनासम्म सदस्य रहेका अधिकांश माझी परिवार अहिले वनमा झिक्रा र ढोड बालेर इन्धनको पूर्ति गर्न बाध्य छन् ।

नजिकै जङ्गल नभएकाले तामाकोशी किनारमा रहेको गडुबारी टोलका बासिन्दा दाउराको समस्याबाट धेरै वर्षदेखि पीडित छन् ।

'(...) सामुदायिक वनको अभियान आउनुअघि हामी तिलेचौर र भैँसेसुर पारिको जङ्गलबाट दाउरा ल्याउँथ्यौँ', स्थानीय नेपे माझी भन्छन्, 'तर त्यस जङ्गललाई सामुदायिक वनको रूपमा वरिपरिका बासिन्दालाई हस्तान्तरण गरेपछि दाउराको समस्याले हामीलाई पिरलेको छ ।'

गडुबारीमा झण्डै सय घर माझी र २०-२५ घर अरू समुदायका लागि नजिकैको वादीचौर आसपासको बुटयानलाई सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएको छ । नेपे भन्छन्– 'तर त्यहाँ वनमारा भन्दा केही छैन ।' सुख्खा भएकाले वृक्षरोपण कार्य पनि सफल हुन सकेन ।

वनमारा, सतिबेरका पोथ्रा मात्र भएको र त्यसमाथि थोरै क्षेत्रफल भएको सामुदायिक वनबाट उनीहरूलाई एक महिना पनि दाउराको आपूर्ति हुन सक्दैन । केटाकेटीले वनमा गएर ल्याएको अलि अलि वनमारा र ढोडका ठुटा बालेर उनीहरू जीविका चलाउन बाध्य छन् ।

वर्षायाममा कोशीले बगाएर ल्याउने मुढा र दाउरा माझीको प्रमुख इन्धन स्रोत रहँदै आएको छ। तर वर्षा कम भयो र उत्तरतर्फ पहिरो गएन भने कोशीले मुढा ल्याउँदैन। 'त्यस वर्ष हामीलाई अझ बढी सङ्कट पर्छ,' स्थानीय केशव माझी गुनासो गर्छन्।

कोशीले बगाएर ल्याउने मुढा र दाउरा टिप्ने चलन पनि यहाँ गजबको छ। धेरै परिवार हुने र बल हुनेले धेरै दाउरा सङ्कलन गर्छन् तर निर्धालाई त्यो अवसर पनि मिल्दैन। स्थानीय मानबहादुर माझीका अनुसार राती कोशीमा बाढी आएको थाहा पाउने बित्तिकै अँध्यारोमै ज्यानको बाजी लगाएर माझीहरू दाउरा सङ्कलन गर्न कोशीमा होमिन्छन्। उनीहरू जतिसक्दो बढी मुढा सङ्कलन गर्छन् र त्यसमाथि एउटा ढुङ्गा राख्छन्। मुढा बीच कोशीको बगरमा किन नहोस् त्यसमाथि ढुङ्गा देखेपछि अर्को मानिसले त्यस मुढालाई चलाउन नपाउने चलन यहाँ छ। यस चलनलाई यहाँ धारो बाँध्ने भनिन्छ।

त्यसअतिरिक्त माझीका स-साना केटाकेटी कोशीको छाललले हुत्याएर ल्याउने मसिना दाउरा सङ्कलन गर्ने गर्छन्। यसरी सङ्कलित दाउरा घाममा सुकाएर ओतमा राखी पछिसम्म चलन गर्ने परम्परामा बाँचेका छन् माझीहरू। (...)

**टिका भट्ट,** *कान्तिपुर,* १६ पुस, २०५७, पृ. ४।

## ८.३ सामुदायिक वनका कारण भेडापालन छाडेर चिया पसल

पूर्वाञ्चलको सुन्दरतम यस पहाडी जिल्ला (इलाम)को उत्तरी गाउँका किसान पदम गुरुङको परिवारले भेडाको ऊनबाट आकर्षक राडीपाखी बुन्ने गर्थ्यो। उनका छोरीहरू चिटिक्क परेका आसनी, लुकुनी जस्ता मूल्यवान सामान बनाउँथे। उनका घरेलु उत्पादनहरू राम्रो मूल्यमा बिक्री हुन्थे।

पदमले अहिले आफ्नो गाउँभन्दा पर अर्को वडाको हटियामा चिया पसल खोलेका छन्। 'घरेलु पेशा ठप्प भयो', परम्परादेखि भेडाका ऊनबाट विभिन्न आकर्षक सामान बनाउँदै आत्मनिर्भर रहेका पदम निराश हुँदै भन्छन्,- 'अहिले चियाका गिलास स्याहारेर बस्नुपरेको छ।'

गुरुङ जातिको बाहुल्य भएका माइमझुवा र मावुजस्ता गाउँ विकास समितिका अधिकांश बासिन्दाहरू अहिले भेडाको ऊनको घरबुना पेशाबाट क्रमशः विस्थापित भइरहेका छन्। आफ्ना उत्पादनले राम्रो बजार पाउन नसकेर उनीहरू आफ्नो पेशाबाट विमुख हुन पुगेका होइनन्। उनीहरूको विस्थापनको कारण बनेको छ- सामुदायिक वन।

सामुदायिक वनको क्रमिक विस्तारले जिल्लाका धेरै वन क्षेत्रको सुरक्षा भएको छ। समुदायको प्रत्यक्ष व्यवस्थापन, रेखदेख र अनुगमनबाट संरक्षित सामुदायिक वनहरूमा भेडा चरन गर्न निषेध गरिएपछि भेडापालकहरूले धमाधम आफ्ना भेडा

बेच्नुपरेको छ । भेडापालकहरूले ऊन कातेर बेच्न छाडेपछि अहिले यहाँ ऊनको सङ्कट सिर्जना भएको छ ।

ऊनको अभाव भएपछि धागो कात्ने घरेलु चर्खा घुमाउने पौरखी हातहरू अहिले अन्य पेशाामा लाग्न बाध्य भएका हुन् । 'सामुदायिक वन आएपछि प्रत्येक गुरुङ घरले अँगाल्दै आएको पेशा खल्बलिन थाल्यो,' माइमझुवा ७ का ७५ वर्षीय बोधवीर गुरुङ भन्छन्,- 'भेडाको चरनलाई सामुदायिक वन बनाइएपछि हामीले आफ्ना सबै भेडाहरू मास्नुपऱ्यो ।'

सिजनमा आफ्ना भेडाहरू तलमाथि, गाउँबेसी गराउने भेडापालकहरू बाटोमा पर्ने परम्परागत भेडा चरनका ठाउँमा संरक्षित वन बन्न थालेपछि सङ्कटमा परेका हुन् । 'अहिले कसैले पनि भेडा पाल्दैन, कहाँबाट ऊन पाइन्छ ?' स्थानीय टीकामाया गुरुङ भन्छिन्,- 'हामीले परम्परादेखि गर्दै आएको पेशाको मर्म नबुझी वन विभागले कडा नियमहरू भएको सामुदायिक वन बनाइदिएको छ ।'

गाउँमा राडीपाखी, आसनी आदि बुन्ने र त्यसमा आकर्षक बुट्टा हाल्ने कलामा निपूण चन्द्र गुरुङले मागअनुसार गाउँका धेरैजनालाई आफ्नो सीप सिकाउँदै आएकी थिइन् । इलाममा ऊन पाउन छाडेपछि सीमापारि सिक्किम पुगेर ऊन किन्नुपर्ने अवस्था उनीजस्ता थुप्रै महिलाहरूलाई आइपऱ्यो । 'सिक्किमबाट ऊन ल्याउन साह्रै गाह्रो छ, महँगो पनि छ र त्यसमा मिसावट पनि प्रशस्त हुन्छ,' उनी भन्छिन्- 'तैपनि मैले आफ्नो आय परम्परागत पेशाबाटै आर्जन गर्दै आएकी छु ।'

'भेडाको ऊन निकै टिकाउ हुन्छ, अझ दोस्रो पल्ट कातिएको ऊन त झनै मुलायम र खपालु हुन्छ,' टीकामाया भन्छिन्- 'हाम्रा उत्पादनहरू विदेशी पर्यटक, लाहुरे र कर्मचारीहरूले भनेको जति पैसा दिएर किन्ने गर्थे ।'

स्थानीय बासिन्दाको भरपर्दो आय आर्जनको स्रोतका रूपमा विकसित हुँदै गएको ऊनका सामग्रीहरूको उत्पादनलाई प्रभावित पार्ने सामुदायिक वनहरू यस जिल्लामा २०४३ सालदेखि खुल्न थालेका हुन् । जिल्लामा ५६ वटा सामुदायिक वनहरू स्थापना भइसकेका छन् । कम्तीमा ३० प्रतिशत महिलाहरू अनिवार्य रूपमा सम्मिलित भई बन्ने उपभोक्ता समितिहरूलाई हस्तान्तरित यी सामुदायिक वनहरूले अनपेक्षित रूपमा विशेषगरी महिलाहरूलाई नै प्रभावित पारेका छन् ।

देशको पश्चिमी पहाडमा सामुदायिक वनले परम्परागत भेडापालकहरूलाई यसरी नै प्रभावित पार्नाले त्यस क्षेत्रमा खाद्यान्न ढुवानीको समस्या सिर्जना भएको छ । विशेषगरी एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गरिने भेडाहरूको चरनलाई सामुदायिक वनका कडा नियमहरू लागू गर्दा भेडापालन क्रमशः विस्थापित हुँदै गएको देखिएको छ ।

सामुदायिक वनले जङ्गलको हैसियत वृद्धि त गरेको छ तर जीवनपद्धतिलाई प्रभावित पार्नुमा जानकारहरूले यससम्बन्धी नीतिको कमजोरी मानेका छन् । सामुदायिक वन आफैंमा स्थानीय बासिन्दाको जीवनस्तर उकास्न बासिन्दाहरूकै

व्यवस्थापन र प्रशासनमा चल्ने 'सिस्टम' हो । 'सामुदायिक वनको अवधारणा नै सरकारी हस्तक्षेपबाट मुक्त गरी स्थानीय बासिन्दाको गरिबी निवारणमा सहयोग पुऱ्याउने हो, यो विकेन्द्रीकरणको राम्रो नमुना पनि हो,' सामुदायिक वनमा विद्यावारिधि गर्ने फरेष्टर डा. भरत पोखरेल भन्छन्,- 'आफैँमा राम्रो हुँदाहुँदै पनि यसले केही अनपेक्षित प्रभाव पार्न सक्छ । भेडापालकहरूलाई विस्थापित गर्नु त्यसको एउटा उदाहरण हो ।'

सामुदायिक वन हेर्ने वन विभागका उपमहानिर्देशक केबी श्रेष्ठ विभागले स्थानीय समुदायलाई 'यसो गर, उसो गर' भन्न नसक्ने उल्लेख गर्दै भेडापालकहरूलाई द्वितीय श्रेणी (सेकेण्डरी) उपभोक्ता मानी प्रथम श्रेणीका उपभोक्ताहरूले निश्चित कर लगाउनुपर्ने सुझाव दिन्छन् । त्यसो गरेको खण्डमा निश्चित मूल्य प्राप्त गर्दा सामुदायिक वनका उपभोक्ताहरूले भेडापालकहरूलाई चरन उपलब्ध गराउँछन् भन्ने तर्क उनी गर्छन् ।

'भेडापालकहरू पनि उपभोक्ता हुन्, उनीहरूको पनि वनमा अधिकार छ,' श्रेष्ठ भन्छन्- 'तर उनीहरूले संरक्षण नगर्ने, उपभोग मात्र गर्ने हुनाले निश्चित कर तिर्ने व्यवस्था लागू गराउनुपर्छ ।'

कर्णाली भेगमा परम्परागत रूपमा खाद्यान्न ढुवानी गर्ने भेडाहरूलाई आवतजावत गर्दा चरन उपलब्ध गराउन कर लिने दृष्टिकोण अपनाई सामुदायिक वनहरूको कार्य योजना तर्जुमा गर्न विभागले जिल्ला जिल्लाका वन अधिकृतहरूलाई सुझाव लेखी पठाएको श्रेष्ठ बताउँछन् । 'इलाममा पनि भेडापालकहरू त्यसरी विस्थापित भएका छन् भने परम्परादेखि उनीहरूले अपनाउँदै आएको पेशा सामुदायिक वनका कारण नष्ट नहोओस् भन्ने विभागको धारणा छ,' उनी भन्छन्,- 'तर विभागले सुझाव मात्र दिन सक्छ ।'

**कुबेर निरौला**, *कान्तिपुर,* १४ कात्तिक २०५५, पृ. १ ।

## ८.४ शहरमा पानीविना मर्नुभन्दा बरु गाउँमै बेस

जनकपुर नगरपालिका - १ स्थित जनकपुर रेल्वेको खाली जग्गामा गत दुई वर्षदेखि झुग्गी (झोपडी) बनाएर बस्दै आएका परमेश्वर खतवे सपरिवार आफ्नो पुरानै घर फर्केका छन् । उनीहरूलाई गाउँ पलायन गर्नुपरेको अन्य जेजस्तो कारण भए पनि सबभन्दा ठूलो कारण खानेपानीको समस्या हो ।

जनकपुर रेल्वे स्टेशनभन्दा उत्तर तथा शिवपथभन्दा दक्षिण रहेको रेल्वेको खाली जग्गालाई केही पसलेहरूले विधिवत् भाडा दिई केही रेल्वे प्रशासकलाई प्रसन्न पारेर तथा केही मगन्तेहरूलाई जबर्जस्ती धपाएर बस्दै आएका छन् । तर त्यहाँ करिब २ सय व्यक्तिका लागि ६ वर्षअघि नगरपालिकाद्वारा जडान गरिएको एकमात्र चापाकल गर्मी महिनाको आगमनसँगै बढी बिग्रने हुनाले खानेपानीको समस्याले परमेश्वरजस्तै अन्य परिवार पनि पलायन गर्ने स्थितिमा पुगेका छन् ।

गर्मी महिनामा पानीको स्तर तल पुगेर चापाकलबाट कम पानी आउँछ भने पानीको अत्यधिक प्रयोगले चापाकल बढीजसो समय बिग्रेकै हुन्छन् । सुवर्ण जातका व्यक्तिहरू अरूको व्यक्तिगत चापाकलबाट पनि काम चलाउँछन् । 'तर अछोप (छुन नहुने जात) ले अरू सुवर्णका आँगनबाट कसरी पानी ल्याउने ?' परमेश्वर आफ्नो दुःखेसो सुनाउँछन् । 'शहरमा पानीविना मर्नुभन्दा बरु गाउँमै बस्नु बेस । '

यस मोहल्लामा बसोबास गर्ने खतवे, मुसहर, डुम तथा हलखोर जस्ता जातिका लागि खानेपानीको एकमात्र स्रोतको रूपमा रहेको यो चापाकल बिग्रिदिँदा ठूलो समस्या पर्ने गरेको देखिन्छ ।

'अरूको आँगनबाट पानी ल्याउँदा गालीगलौज सुन्नुपर्ने सामान्य भइसकेको छ,' मङ्गला हलखोरकी श्रीमतीको पीडा छ । जनकपुर - १ जस्तै नगरपालिकाका १६ वटै वडाका गरिब तथा जनजाति बहुल बस्तीहरूमा खानेपानीको समस्या देखिएको छ ।

शहरी क्षेत्रमा रहेको जनकपुर - ३ का वडाध्यक्ष ईश्वर ढुङ्गाना वडाका ३ हजार ५ सय जनसङ्ख्याका लागि २२ वटा हैन्ड पाइप मात्र रहेको जानकारी गराउनुहुन्छ । खानेपानी संस्थानले केही इलाकामा धारा उपलब्ध गराएको छ ।

यसैगरी जनकपुर - ८ का वडाध्यक्ष अवधेश पोखेल वडाका बलबा, वैकुण्ठपुर तथा दशरथनगर इलाकाहरूमा खानेपानीको ठूलो समस्या रहेको बताउनुहुन्छ । 'स्वच्छ पानीको अभाव रहेकाले यस वडाका जनताले इनारको प्रदूषित पानी खानुपर्ने अवस्था छ', वडाध्यक्ष पोखेलले भन्नुभयो ।

'तीन वर्षअघिसम्म यस वडामा ६५ वटा चापाकल सञ्चालित थिए तर हाल केवल १० वटा मात्र चालू अवस्थामा छन् ।' वडाध्यक्ष पोखेल जनकपुरद्वारा खानेपानीको साधन जडान शीर्षकमा रकम नछुट्ट्याइएकाले आफ्ना प्रतिक्रिया व्यक्त गर्नुहुन्छ ।

करिब १ लाख जनसङ्ख्या भएको जनकपुर नगरपालिकामा खानेपानीको स्रोतको रूपमा चापाकल, खानेपानी संस्थानद्वारा वितरित धारा तथा इनार, कुवाको प्रयोग गरिएको पाइएको छ ।

२०२२ सालमा २५ हजार जनसङ्ख्यालाई ध्यानमा राखी निर्माण गरिएको खानेपानी संस्थानको पानी टयाङ्कीमा खासै विस्तार भएको पाइएको छैन । हाल जनकपुर नगरपालिकाको अरगजना पोखरीनजिक रहेको पानी टयाङ्कीको क्षमता ४ लाख ५० हजार लिटर मात्र छ ।

खानेपानी संस्थान, जनकपुर शाखाका प्रमुख इन्जिनियर सुरेशकुमार महतोले दिएको जानकारीअनुसार जनकपुरमा १ देखि ११ वडामा १ हजार ६ सय ४७ जना ग्राहक छन् जसबाट १५ हजार व्यक्तिलाई स्वच्छ खानेपानी उपलब्ध हुन्छ । यहाँ प्रतिव्यक्ति १ सय ४४ लिटर पानी प्रतिदिन उपभोग हुने गरेको पाइएको छ ।

'करिब ५० हजार व्यक्तिहरूलाई चापाकल तथा खानेपानी संस्थानबाट जडान गरिएको धाराबाट पानी उपलब्ध हुन्छ । बाँकी ५० हजार व्यक्तिको के गति होला ?' राराब क्याम्पसका प्राध्यापक परमेश्वर कापडीको जिज्ञासा छ ।

स्थानीय समाजसेवी तथा कानूनविद् प्रकाश केसी जनसङ्ख्याको आधारमा खानेपानी संस्थानले आफ्नो क्षमतामा विस्तार गर्नुपर्ने राय व्यक्त गर्छन्। 'जनस्वास्थ्यका लागि न्यूनतम आवश्यकता खानेपानी हो। यो आवश्यकता पनि पूर्ति नहुनु भनेको दुःखद हो' अधिवक्ता केसीको कथन छ।

**श्यामसुन्दर शशी**, *कान्तिपुर*, २४ वैशाख २०५७, पृ. ३।

## ८.५ वेगनास तालका जलारीको परम्परागत पेशा सङ्कटग्रस्त

वेगनास तालमा माछा मारेर जीविकोपार्जन गर्दै आएका जलारी जातिको पेशा सङ्कटमा परेको छ। जालमा माछा कम पर्न थालेको र दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि हुँदै गएकाले उनीहरूलाई माछा मारेको आम्दानीले जीवन धान्न मुश्किल पर्न थालेको छ।

कास्की जिल्लाको लेखनाथ नगरपालिकामा रहेको वेगनास ताल वरिपरि झण्डै ६० परिवार जलारी बसेका छन्। आफ्नो पेशा नै माछा मार्ने र बेच्ने भएकोले उनीहरू वर्षौंदेखि तालछेउ बस्दै आएका हुन्।

जलारीहरू आफ्नो पेशालाई परम्परागत रूपमा निरन्तरता दिँदै आएका छन्। पुरानै शैली र तरिकाबाट पेशा सञ्चालन गर्दै आएका उनीहरू आफ्नो पेशाबाट सन्तुष्ट छैनन्। आफ्नो पेशाबाट विगतको तुलनामा आम्दानी बढ्न नसकेको र परिवार चलाउन गाह्रो भएकाले उनीहरू असन्तुष्ट बनेका हुन्।

परम्परागत रूपमा वेगनास तालमा माछा मार्ने काम गर्दै आएका उनीहरू अन्य पेशातर्फ लाग्न पनि सकिरहेका छैनन्। नयाँ पेशा थाल्न नयाँ सीप र पूँजी चाहिने भएकाले उनीहरू अन्य पेशातर्फ लाग्न नसकेका हुन्। जान्ने भएदेखि नै वेगनास तालमा माछा मार्दै आएका ४५ वर्षीय ज्ञानबहादुर जलारीले पैसा र ज्ञानका अभावमा अन्य काम गर्न नसकिने बताए।

माछा केन्द्र वेगनासलाई कर तिरेपछि मात्र उनीहरूले तालमा माछा मार्न पाउँछन्। प्रतिजाल ५० रुपियाँ तिरेपछि उनीहरूको आम्दानीको बाटो खुल्छ। तालमा माछा मार्न पाइएमा पनि आवश्यक जालको समस्यामा जलारी रुम्मलिएको जलारी इन्द्रबहादुरले *राजधानी*लाई बताए।

माछा मार्न प्रयोग हुने जाल बनीबनाउ रूपमा पनि पाइन्छ। बनीबनाउ तथा जाल बुन्न प्रयोग हुने डोरी भारतबाट ल्याइने उनीहरू बताउँछन्। बनीबनाउ जालभन्दा डोरी किनी आफैं बुन्ने जाल बलियो र भरपर्दो हुने उनीहरूको अनुभव छ। जाल बुन्न सबैजसो जलारी परिवार सक्षम छन्। बनीबनाउ जाल तथा जाल बुन्ने डोरीसमेत किन्न नसक्ने जलारी वेगनास तालछेउ थुप्रै छन्।

'बुन्न त आफैं पनि बुन्थ्यौं, के गर्ने, धागो किन्ने पैसा पनि हुन्न', वर्षौं पुराना जालको प्रयोग गरेर माछा मारेको बताउँदै इन्द्रबहादुरले दुःखेसो पोखे। जलारीका

लागि पुस, माघ र फागुन निकै आम्दानी हुने महिना हुन् । यही तीन महिनाको कमाइबाट वर्षभरि परिवार पाल्न खर्च पुऱ्याउनुपर्ने उनीहरूको बाध्यता छ ।

आजभोलि जालमा माछा कम पर्ने तथा तालमा जाल थाप्नेहरू धेरै हुने भएकाले राम्रो आम्दानी हुन छाडेको उनीहरूको गुनासो छ । पुर्ख्यौली पेशामा निपुण जलारीले आफ्नो पेशाको हकहितका लागि समिति गठन गरेका छन् । 'मत्स्य व्यवसाय समिति' भनी गठन गरेको सो समितिमा जलारीबाहेक अरूलाई सामेल गरिएको छैन । समितिका अध्यक्ष रहेका ज्ञानबहादुर जलारीको अनुभवमा उनीहरूको पेशामा नयाँपन नआएकोले पनि आम्दानीमा कमी हुँदै गएको हो । मत्स्य केन्द्र वेगनासले तालमा नयाँ-नयाँ जातका भुरा छोडी सहयोग गर्दै आएको छ । सो केन्द्रले उनीहरूलाई गुन लगाएको समितिका अध्यक्षले बताए । जलारी र केन्द्रबीच सुमधुर सम्बन्ध रहिआएको छ र केन्द्रलाई दोष दिने ठाउँ उनीहरू देख्दैनन् ।

तालमा भुरा छाडिए पनि तालबाट बाहिरिने नहरमा जाली भने छैन । जालीको अभावमा छाडिएका भुरा नहरबाट बाहिर गई माछा उत्पादनमा कमी भएको दाबी जलारीको छ । जालीको व्यवस्थाका लागि उनीहरू लागि परेका छन् । नहरको मुखमा जालीको व्यवस्था गर्न लेखनाथ नगरपालिकालाई पटक-पटक अनुरोध गरिए पनि नगरपालिकाबाट आवश्यक सहयोग नपाएको दुःखेसो अध्यक्षले *राजधानी* सित पोखे ।

मत्स्य केन्द्रले भुरा सहयोग गरेपनि जलारीको व्यवस्था चेक हुन नसकेकाले उनीहरू चिन्तित छन् । समितिसँग साधन, स्रोत नभएकाले अन्य सङ्घसंस्थासँग जालीका लागि अनुरोध गरेको अध्यक्ष ज्ञानबहादुर बताउँछन् । माछा मार्न उनीहरूको जातिमा परिवारका सबै सदस्यले सघाउँछन् । माछा मार्न पुरुषभन्दा महिला केही कम छैनन् । पुरुषको जत्तिकै महिला पनि माछा मार्न सिपालु छन् । माछा मार्न चाहिने डुङ्गा नहुँदा पनि उनीहरूलाई समस्या परेको छ । 'डुङ्गा त छन् तर चाहिने जति छैनन्', उनीहरू भन्छन् । अल्पसङ्ख्यक जलारी आफ्नो पेशा सङ्कटमा परेकोमा दुःखी छन् । पेशा संरक्षण र संवर्द्धन गर्न उनीहरू आफैँमा सक्षम भने देखिँदैनन् ।

जलारीलाई पनि विदेश गए पैसा कमाउन सकिन्छ भन्ने लहरले छोएको छ । विदेश गए पैसा कमाइन्छ भन्नेमा उनीहरू निर्धक्क छन् । ऋणधन गरेरै भएपनि विदेश गए पैसा कमाउन सकिन्छ भन्ने विश्वास लिई उनीहरू अरब मुलुकतिर आकर्षित भएका छन् । 'अरब जान सके धन कमाइन्थ्यो', ४५ वर्षीय इन्द्रबहादुरले भने ।

**रामकृष्ण ज्ञवाली**, *राजधानी*, ९ वैशाख २०६०, पृ. ९ ।

♦